जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ ● अंक २७५ ● २०८३ श्रावण ९ गते शनिवार ● 25 Jul. 2026 ● पृष्ठ ४ ● मुल्य रु.५/-

## 'सरकारको विज्ञापनसम्बन्धी परिपत्र संविधानसम्मत थिएन'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ श्रावण**




सर्वोच्च अदालतले सञ्चारमाध्यमहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा लगाइने सीमांकन र नाकाबन्दी संविधानको व्यवस्था र विधिको शासनको प्रतिकूलतामा हुने भनी व्याख्या गरेको छ ।

बालेन शाहको नेतृत्वमा सरकार बनेलगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सरकारी विज्ञापनहरू सरकारी सञ्चारमाध्यमहरूमा मात्रै प्रकाशित/प्रसारित गर्नु भनी सरकारी निकायहरूलाई परिपत्र गरेको थियो । त्यही निर्णय विरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले नागरिकको मौलिक हकको रूपमा जोडिएको सञ्चारको हक विरुद्धका क्रियाकलापहरू संविधानसम्मत नहुने भनी व्याख्या गरेको हो ।

निजी सञ्चारमाध्यमलाई राज्यले सहजीकरण नगरिदिए स्वत: बन्द हुने अवस्थामा पुग्ने चेतावनी दिँदै सर्वोच्च अदालतले सरकारी विज्ञापन वा सूचना वितरणसम्बन्धी विषय प्रेस स्वतन्त्रता र नागरिकको अभिव्यक्ति स्वतन्त्रतासँग पनि जोडिएको भनी व्याख्या गरेको हो । राज्यले सञ्चारमाध्यमहरूमाथि गर्ने प्रत्यक्ष प्रतिबन्ध मात्रै होइन, आर्थिक प्रशासनिक र नियामकीय माध्यमबाट गरिने अप्रत्यक्ष नियन्त्रण पनि संविधानको धारा १९ को परीक्षण हुने सर्वोच्च अदालतको व्याख्या छ । संविधानको धारा १९ मा सञ्चारको हकसम्बन्धी व्यवस्था छ । सर्वोच्चले नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ उदृत गर्दै भनेको छ, 'राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि उपायबाट स्वतन्त्र सञ्चार माध्यमलाई कमजोर बनाउने, सूचना प्रवाहमा कृत्रिम अवरोध सिर्जना गर्ने वा राज्यको आर्थिक शक्ति प्रयोग गरी सञ्चार माध्यमबीच विभेद गर्न नहुने स्पष्ट गरेको छ ।' सर्वोच्चले सार्वजनिक विज्ञापन वितरणमा राज्यले निष्पक्ष, वस्तुनिष्ठ र समान व्यवहार गर्नुपर्ने दायित्व पनि त्यही अभिसन्धि, संवैधानिक र कानुनी व्यवस्थाबाट सिर्जित हुने व्याख्या गरेको हो । सरकारको एकद्वार नीति खारेजपछि निजी सञ्चार माध्यमलाई विज्ञापन पहुँच खुलेको हो ? सर्वोच्चले प्रधानमन्त्री कार्यालयका सचिव वा अरू कोहीको प्रशासनिक र नीतिगत निर्णय पनि संविधान र कानुनको अधिनमा हुनुपर्ने भनेको छ । अनि सुशासन ऐन, २०६४ ले पनि सचिवलाई त्यो खालको परिपत्र जारी गर्ने कानुनी व्यवस्था नगरेको भन्दै प्रश्न उठाएको हो । 'मौलिक हकमा प्रत्याभूत संवैधानिक बन्दोबस्त उपर जेसुकै तवरले लगाइने प्रतिबन्ध वा सीमांकन संविधान र विधिको शासनको प्रतिकूल हुन जान्छ' न्यायाधीशहरू नृपध्वज निरौला र शारंगा सुवेदीको इजलासले गरेको निर्णयको पूर्णपाठमा भनिएको छ, 'मौलिक हक संरक्षक रहेको यस ( सर्वोच्च) अदालतले त्यस्ता प्रतिबन्ध वा सीमालाई संविधान र कानुनको कसीमा न्यायिक पुनरावलोकनबाट जाँच परख गर्न सक्छ ।'

## मनसुन सक्रिय भएसँगै मधेश प्रदेशमा धान रोपाइँको क्षेत्रफल बढे




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ श्रावण**

मनसुन सक्रिय भएसँगै मधेश प्रदेशमा धान रोपाइँको क्षेत्रफल बढेको छ । पछिल्लो एक सातामै २० प्रतिशतभन्दा बढी क्षेत्रमा थप रोपाइँ भएको कृषि विकास निर्देशनालय मधेश प्रदेशको तथ्याङ्कले देखाएको छ। निर्देशनालयका अनुसार असार मसान्तसम्म प्रदेशमा कुल धान खेती हुने क्षेत्रफलमध्ये ५७.९३ प्रतिशतमा मात्र रोपाइँ भएको थियो । वर्षा हुन थालेपछि साउन पहिलो सातासम्म आइपुग्दा रोपाइँ क्षेत्र बढेर ७८.५९ प्रतिशत पुगेको छ ।

निर्देशनालयले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रदेशका आठ जिल्लामा रहेको तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये तीन लाख ५८० हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ । जिल्लागत रूपमा सिरहामा सबैभन्दा बढी र महोत्तरीमा सबैभन्दा कम धान रोपाइँ भएको छ। सिरहामा ५४ हजार हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये ९४ प्रतिशत अर्थात् ५० हजार ७६० हेक्टरमा रोपाइँ भएको छ भने महोत्तरीमा ४० हजार हेक्टरमध्ये ५५.९३ प्रतिशत अर्थात् २२ हजार ३७२ हेक्टरमा मात्र रोपाइँ भएको निर्देशनालयले जनाएको छ।

त्यसैगरी सप्तरीमा ६८ हजार हेक्टरमध्ये ७२ प्रतिशत अर्थात् ४८ हजार ९६० हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये ७९.१ प्रतिशत अर्थात् ३४ हजार ५६६ हेक्टर, सर्लाहीमा ४२ हजार ६१५ हेक्टरमध्ये ७५ प्रतिशत अर्थात् ३२ हजार २१ हेक्टर, रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये ७९ प्रतिशत अर्थात् ३० हजार ४१५ हेक्टर, बारामा ४५ हजार ९०० हेक्टरमध्ये ८५ प्रतिशत अर्थात् ३८ हजार ३३५ हेक्टर तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ८० प्रतिशत अर्थात् ४३ हजार १५० हेक्टर क्षेत्रमा धान रोपाइँ भएको छ । निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ । त्यसमध्ये तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा प्रत्येक वर्ष धान खेती हुँदै आएको छ ।




**बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौ**

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी संवाद बढाऔं,
- सामाजिक संजालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

**प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**







# २१ लाख ३९ हजार ६ सय ५५ रुपैयाँ बराबरका ई-लोडर, मोटरसाइकल, साइकल तथा विभिन्न सामान बरामद

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, ८ श्रावण**

भारतबाट अवैध रूपमा भन्सार छली नेपाल भित्र्याइँदै गरेका २१ लाख ३९ हजार ६ सय ५५ रुपैयाँ बराबरका ई-लोडर, मोटरसाइकल, साइकल तथा विभिन्न सामान शुक्रबार बरामद गरिएको छ । वीरगन्ज महानगरपालिका-१७ अलौस्थित सीमा सुरक्षा गुल्मबाट खटिएको मोबाइल टोलीले प्रदेश २-०३-००१ स ६०९७ नम्बरको ई-लोडरमा ल्याइँदै गरेको १२ लाख ७५ हजार रुपैयाँ बराबरको ८ कार्टुन भिटामिन औषधि बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नं १३ गण मुख्यालय पर्साले जनाएको छ । सोही क्रममा ना २६ प २०१८ नम्बरको



मोटरसाइकलमा ल्याइँदै गरेको ३१ हजार ९१५ रुपैयाँ बराबरको किराना पसलका सामानसमेत नियन्त्रणमा लिइएको थियो ।

बरामद गरिएको ई-लोडरको मूल्य ४ लाख रुपैयाँ र मोटरसाइकलको मूल्य २ लाख रुपैयाँ रहेको प्रहरीले जनाएको छ । यसरी सवारी साधनसहित उक्त कारबाहीमा १९ लाख ६ हजार ९१५ रुपैयाँ बराबरको सामान बरामद भएको छ। सबै सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ । शुक्रबाबर नै वीरगन्ज-१६ स्थित भन्सार मेनगेटमा जाँचका क्रममा विभिन्न सवारी साधनबाट भारतबाट ल्याइँदै गरेको १ लाख ४५ हजार ४ सय रुपैयाँ बराबरका बिलबिजक विहीन विभिन्न ब्रान्डका कपडा, स्टेशनरी तथा हार्मोनियम बरामद गरी भन्सार कार्यालय पठाइएको छ । यस्तै, बिन्दवासिनी गाउँपालिका-३ झौवागुठीस्थित बीओपी अमरपट्टीबाट खटिएको टोलीले ४ वटा साइकलमा ल्याइँदै गरेको ४७ हजार २ सय रुपैयाँ बराबरका मोटर पार्ट्स, कपडा र किराना सामान तथा ८ हजार रुपैयाँ मूल्यका साइकलसहित ५५ हजार २ सय रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको छ ।

यसैगरी छिपहरमाई गाउँपालिका-५ भिष्वास्थित बीओपी भिष्वाबाट खटिएको टोलीले ३२ हजार १ सय ४० रुपैयाँ बराबरका कस्मेटिक तथा किराना सामान बरामद गरी आवश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाएको सशस्त्र प्रहरी पर्साका प्रवक्ता डीएसपी मोहनराज निरौलाले जनाए ।

# गृहमन्त्रीको अनुगमन शैलीप्रति व्यवसायी असन्तुष्ट, आन्दोलनको चेतावनी

**जीवनराज दाहाल**
**बर्दिवास, ८ श्रावण**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा बर्दिबासका होटलहरूमा गरिएको अनुगमनप्रति महोत्तरीका तीन प्रमुख व्यवसायिक संस्थाले असन्तुष्टि जनाएका छन् ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरी, महोत्तरी चेम्बर अफ कमर्स र बर्दिबास उद्योग वाणिज्य सङ्घले संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै अनुगमनको नाममा व्यवसायीलाई अपराधीसरह व्यवहार गरिएको, सार्वजनिक रूपमा बदनाम गरिएको तथा व्यावसायिक वातावरण नै प्रभावित भएको बताएका हुन् ।

संस्थाहरूले कानुनसम्मत, निष्पक्ष र मर्यादित अनुगमनप्रति आफ्नो समर्थन रहेको जनाउँदै मन्त्रीको पदको दुरुपयोग गरी व्यवसायीलाई हतोत्साहित गर्ने गतिविधि तत्काल रोक्न माग गरेका छन् । साथै, यस्ता गतिविधि नरोकिए चरणबद्ध आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत दिएका छन् ।







अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः पिछडेको साथी मिल्ने
मिथूनः अनावश्यक चिन्ता
कर्कटः अनावश्यक खर्चको संभावना
सिंहः शुभ कार्यको शुरुवात
कन्याः लामो यात्राको योग छ
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः खानपानमा समस्या आउने
धनुः मनमा पछुतो आउने
मकरः विचार गरेर बोल्नुहोला
कूम्भः पढाईमा ध्यान दिनुपर्ने
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिकाले ६० साझेदारमाथि लागू गर्‍यो नयाँ शुल्क, को कति प्रभावित



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ श्रावण

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले आफ्नो व्यापार नीति पुनः संरचना गर्दै भारत, चीन, युरोपेली सङ्घ (ईयू) सहित ६० व्यापारिक साझेदारलाई लक्षित नयाँ आयात शुल्क शुक्रबारदेखि लागू गरेको छ ।

फेब्रुअरीमा सर्वोच्च अदालतले राष्ट्रपतिको व्यापक शुल्क अधिकार सीमित गरेपछि तयार गरिएको नयाँ व्यवस्था कानूनी रूपमा अझ मजबुत मानिएको छ । नयाँ शुल्क १० देखि १२.५ प्रतिशतसम्म निर्धारण गरिएको छ। अमेरिकी प्रशासनका अनुसार करिब एक महिना लामो अनुसन्धानपछि लागू गरिएको यो नीति यस वर्षको सुरुमा अस्थायी रूपमा लागू गरिएको १० प्रतिशतको विश्वव्यापी आयात शुल्कको स्थानमा आएको हो ।

उक्त अस्थायी व्यवस्था १५० दिनपछि शुक्रबारदेखि समाप्त भएको छ । अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरले संयुक्त राज्य अमेरिकाले करिब एक शताब्दीदेखि जबरजस्ती श्रमबाट उत्पादित वस्तुको आयातमा प्रतिबन्ध लगाउँदै आएको उल्लेख गर्दै अब व्यापारिक साझेदारहरूले पनि त्यही स्तरको प्रतिबद्धता देखाउने समय आएको बताउनुभयो। उनका अनुसार नयाँ शुल्कले अमेरिकी व्यापारको ठूलो हिस्सा ओगट्ने प्रमुख अर्थतन्त्रहरूलाई समेटेको छ । घोषणा अनुसार जबरजस्ती श्रमसम्बन्धी प्रतिबन्ध लागू गरेका वा त्यस्तो प्रतिबद्धता जनाएका अर्थतन्त्रहरूमा १० प्रतिशत शुल्क लाग्नेछ। यस समूहमा क्यानाडा, युरोपेली सङ्घ (ईयू), भारत र संयुक्त अधिराज्य परेका छन् ।

चीन, जापान, दक्षिण कोरिया तथा अन्य दर्जनौँ मुलुकमाथि भने १२.५ प्रतिशतसम्मको उच्च शुल्क लागू गरिएको छ। यद्यपि युरोपेली सङ्घ (ईयू), ताइवान, जापान, दक्षिण कोरिया र स्विट्जरल्यान्डले अमेरिकासँग भएका पूर्ववर्ती व्यापार सम्झौताअनुसार केही सहुलियत पाउने अमेरिकी प्रशासनले जनाएको छ। अमेरिका-मेक्सिको-क्यानाडा स्वतन्त्र व्यापार सम्झौताअन्तर्गत पर्ने वस्तु, केही ऊर्जा उत्पादन, मल तथा इस्पात र एल्युमिनियमजस्ता क्षेत्रगत शुल्कअन्तर्गत परिसकेका वस्तुहरूलाई भने नयाँ व्यवस्थाबाट छुट दिइएको छ । नयाँ शुल्क घोषणापछि जापानले यसलाई ‘दुर्भाग्यपूर्ण’ भन्दै असन्तुष्टि जनाएको छ ।

# अमिताभ बच्चनको स्पष्टीकरण, ‘म बिरामी छैन, मेरो पोस्टलाई गलत बुझियो’

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ श्रावण



मंगलबार अमिताभ बच्चनले एउटा पोस्ट सेयर गर्दै लेखेका थिए, ‘अस्पतालमा, एउटा सर्जरीपछि र आईसीयूमा, अनुभवी डाक्टर र मेडिकल स्टाफको रेखदेखमा, अनि अस्पतालबाट डिस्चार्ज र घर वापसी ।’

यो पोस्ट सार्वजनिक भएपछि बिग बी सर्जरीपछि अस्पतालबाट डिस्चार्ज भएको अड्कलबाजी गर्न थालिएको थियो । तर, उनले आफ्नो नयाँ ब्लगमार्फत आफू न त आईसीयूमा रहेको न त कुनै सर्जरी नै भएको स्पष्ट पारेका छन् । आफ्ना शब्दहरूलाई मानिसहरूले गलत रूपमा बुझेको उनले बताएका छन् । आफ्नो नयाँ ब्लगमा सफाइ दिँदै अमिताभले लेखेका छन्, ‘म बिल्कुल ठिक छु। मेरो पोस्टलाई गलत बुझियो। म त केवल एउटा उदाहरण दिइरहेको थिएँ ।

ठुलो सर्जरी वा आईसीयूमा बसेपछि जब घर फर्किएर आफ्नो कमजोर वा क्षति पुगेको अवस्थाको सामना गर्नुपर्छ, त्यो समय सबैभन्दा गाह्रो हुन्छ भन्ने मेरो भनाइ थियो। ठीक त्यसैगरी, जब कुनै च्याम्पियन हार्छ, तब उसका लागि सबैभन्दा कठिन लडाइँ आफ्नै भित्री भावनाहरूसँग हुन्छ। मेरो इशारा अर्जेन्टिनाको हार र त्यस समय लियोनेल मेसीको मानसिक अवस्थातर्फ थियो, जसले एउटा च्याम्पियन भएर पनि हारको सामना गर्नुपरेको थियो ।

तर मानिसहरूले यो कुरा मैले आफ्नै बारेमा भनिरहेको ठाने ।’ उनले अगाडि लेखेका छन्, ‘मानिसहरूले यसलाई गलत बुझे। समयक्रमसँगै नयाँ च्याम्पियन आउनेछ भन्ने कुरा हरेक च्याम्पियनले स्वीकार गर्नुपर्छ ।

अब आफ्नो ठाउँ अरू कसैले लिइसकेको छ भन्ने मान्न कुनै पनि च्याम्पियनका लागि सजिलो हुँदैन । तर जिन्दगीको नियम नै यही हो र यो सधैं भइरहनेछ ।’ अन्त्यमा बिग बीले लेखेका छन्, ‘मानौं, कुनै बिरामी वा समस्याको उपचारका लागि अस्पताल जानुपर्‍यो ।

जब अस्पताल गइन्छ, त्यतिबेला शरीर सामान्य अवस्थामा हुन्छ । सर्जरी वा उपचारपछि बिरामी त ठिक हुन्छ, तर त्यसपछि बदलिएको शरीरसँग जिउनु र आफूलाई फेरि सम्हाल्नु सबैभन्दा गाह्रो चरण हुन्छ ।’ उपचारपछिको अवस्थाबारे उल्लेख गर्दै उनले थपेका छन्, ‘उपचारपछि शरीर पहिले जस्तो नरहन सक्छ। त्यसको काम गर्ने तरिका बदलिन सक्छ। यो परिवर्तनलाई स्वीकार गर्नु सजिलो हुँदैन । तर हाम्रो शरीर अद्भुत छ ।



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# पूर्वी क्षितिजदेखि मिथिलाको हृदयसम्म (नियात्रा)



-तोमनाथ उप्रेती

-रातको अन्तिम प्रहर बिस्तारै सकिँदै थियो । पूर्वी आकाशमा उज्यालोको पहिलो धर्का देखापर्न थालेको थियो। विराटनगर अझै पूर्ण रूपमा ब्युँझिएको थिएन। सडकछेउका चिया पसलहरूमा पहिलो आगो बल्दै थियो । दूध बोकेका साइकलहरू, बिहानको हिँडाइमा निस्किएका केही वृद्धहरू, मन्दिरतर्फ जाने श्रद्धालुहरू र पूर्वी क्षितिजमा फैलिँदै गएको सुनौलो आभा यी सबैले नयाँ दिनको उद्घोष गरिरहेका थिए । म जनकपुरतर्फ प्रस्थान गर्दै थिएँ। गन्तव्य जानकी मन्दिर थियो। तर मनले भित्रैदेखि भनिरहेको थियो आजको यात्रा कुनै मन्दिरसम्म पुग्ने यात्रा मात्र हुने छैन यो त आफ्नै चेतनाको एउटा गहिरो तहसम्म पुग्ने यात्रा हुनेछ । गाडी विराटनगरको व्यस्त सडक छोडेर इटहरीतर्फ अघि बढ्यो। झ्यालबाहिरको संसार विस्तारै बदलिँदै गयो। बजारहरू गाउँमा फेरिए। पक्की भवनहरू माटाका घरमा रूपान्तरित भए ।

धानका खेतहरू क्षितिजसम्म फैलिएका थिए । ओसले भिजेका बाला बिहानको घाममा मोतीझैँ चम्किरहेका थिए । हावाले खेतहरूमा हल्का तरङ्ग सिर्जना गरिरहेको थियो । मलाई लाग्यो, प्रकृतिले कुनै भाषा बोल्दिन, तर उसका प्रत्येक दृश्य एउटा कविता हुन् । मानिसले ती कविताहरू पढ्न सिकेपछि मात्र ऊ साँच्चिकै शिक्षित हुन्छ । इटहरी नजिकिँदै गर्दा सडकहरू चौडा भए। गाडीहरूको गति बढ्यो। आधुनिक जीवनको लय स्पष्ट देखिन थाल्यो । तर त्यो चहलपहलभित्र पनि एउटा मौन प्रश्न लुकेको थियो मानिस किन यति धेरै दौडिरहेको छ ? उसले समयलाई जित्न खोजेको हो कि समयबाट भाग्न खोजेको हो ? सडकहरू लामो हुँदै गए । मैले महसुस गरेँ, गन्तव्यभन्दा पनि यात्राले मानिसलाई धेरै परिवर्तन गर्छ । नदी समुद्रसम्म पुग्दा मात्र नदी बन्दैन; प्रत्येक मोड, प्रत्येक ढुङ्गा, प्रत्येक किनारा पार गर्दै ऊ नदी बनेकी हुन्छ । मानिसको जीवन पनि त्यस्तै रहेछ । इटहरी पार गरेपछि कोशीतर्फ जाने बाटो खुल्यो । हावाको स्वर बदलियो। क्षितिज अझै फराकिलो भयो । केही पर पुग्नासाथ कोशीको विशाल जलराशि देखापर्‍यो । त्यो दृश्यले मेरो दृष्टिलाई मात्र होइन, चेतनालाई पनि केही क्षणका लागि स्थिर बनायो । सात नदीको सङ्गम भएर बनेकी कोशी कुनै साधारण नदी होइन । ऊ हिमालयको स्पन्दन बोकेर तराईमा ओर्लिएकी जीवित सभ्यता हो ।

हजारौँ वर्षदेखि उसले माटो बोकेकी छ, बाढी बोकेकी छ, उर्वरता बोकेकी छ, विनाश बोकेकी छ र जीवन पनि बोकेकी छ । एउटै नदी कसरी यति धेरै विरोधाभासको घर हुन सक्छ? त्यसबेला मलाई लाग्यो जीवन पनि कोशीजस्तै हो। जसले जीवन दिन्छ, उसैले परीक्षा पनि दिन्छ। जसले सिर्जना गर्छ, उसैले परिवर्तन पनि ल्याउँछ । कोशी ब्यारेजमा पुग्दा गाडी केही बेर रोकियो। मैले रेलिङ समातेर तल बगिरहेको पानीलाई लामो समयसम्म हेरिरहेँ । पानी एक क्षण पनि रोकिएको थिएन । एउटै नदीमा दुई पटक पाइला टेक्न नसकिने हेराक्लाइटसको दर्शन अचानक सम्झनामा आयो । वास्तवमा परिवर्तन नै जीवनको अर्को नाम रहेछ। नदी बग्न छाडे दलदल बन्छ । मानिस सिक्न छाडे चेतना सुस्ताउँछ । समाज परिवर्तन स्वीकार्न छाडे इतिहासमा पछि पर्छ। कोशीले शब्दविहीन भएर यही शिक्षा दिइरहेकी थिई । मैले देखेँ, सयौँ चराहरू पानीमाथि उडिरहेका थिए । उनीहरूलाई सीमाको कुनै चिन्ता थिएन । उनीहरूलाई नागरिकताको कुनै प्रमाणपत्र चाहिएको थिएन । नदीले पनि कहिल्यै आफू कुन देशको हो भनेर सोधिन। सूर्यले कहिल्यै आफ्नो प्रकाश जात, धर्म वा भाषाका आधारमा बाँडेन । प्रकृतिले सबैलाई समान रूपमा अँगालो हालिरहेकी छ । विभाजन मानिसले सिर्जना गरेको हो। एकता प्रकृतिको मौलिक धर्म हो। यही सोचले मलाई बुद्धको करुणा, उपनिषद्को "वसुधैव कुटुम्बकम्" र जनकको समदर्शी दर्शन एकैपटक सम्झाइदियो ।

ब्यारेजमाथि उभिँदा तलको वेग र माथिको शान्त आकाशबीच अद्भुत संवाद चलिरहेको थियो । तल नदी दौडिरहेकी थिई । माथि बादल निस्पृह थिए। मैले अनुभव गरेँ– जीवनमा गहिराइ र शान्ति एकअर्काका विरोधी होइनन् । गहिरो नदी धेरै हल्लिँदैन। गहिरो मानिस धेरै मौनता गहिराइको विशेषता हो । त्यस क्षण मलाई राजा जनक सम्झिए । जनकलाई इतिहासले केवल मिथिलाका राजा भनेर मात्र सम्झँदैन उनी दार्शनिक राजा थिए । वैभवको बीचमा बसेर पनि वैराग्यको अनुभूति गर्न सक्ने दुर्लभ चेतना उनीसँग थियो । अष्टावक्रसँगको उनको संवादले संसारलाई सिकाएको थियो मुक्ति वनमा गएर होइन, चेतनामा जागेर प्राप्त हुन्छ । म जनकपुर पुग्नुअघि नै जनकको दर्शनसँग यात्रा गरिरहेको थिएँ । सायद यही यात्राको वास्तविक आरम्भ थियो । गाडी फेरि अघि बढ्न थाल्यो । कोशी विस्तारै पछाडि छुट्दै गइन् । तर उनको प्रवाह मेरो भित्र बगिरह्यो। मैले झ्यालबाहिर अन्तिम पटक नदीलाई हेरेँ । अचानक मनमा एउटा वाक्य जन्मियो–यात्राको पहिलो गुरु सडक होइन, नदी हुन्छ । किनकि सडकले केवल गन्तव्य देखाउँछ, नदीले बग्न गाडीले फेरि आफ्नो नियमित लय समात्यो ।

पहियाहरूले कालोपत्रे सडकमा समयको संगीत बजाइरहेका थिए। झ्यालबाहिरको दृश्य क्षण क्षणमा फेरिँदै थियो । कतै हरिया धानका बाला हावासँग नाचिरहेका थिए, कतै सुनौलो मकैका बोटहरू सूर्यतर्फ मुख फर्काएर उभिएका थिए । गाउँहरू एकपछि अर्को गर्दै पछाडि छुटिरहेका थिए । तर मलाई लागिरहेको थियो वास्तवमा पछाडि छुटिरहेका थिएनन्, उनीहरू स्मृतिको कुनै शान्त कुनामा स्थायी बास बस्दै थिए । यही सोचमा डुबिरहेको बेला झ्यालबाहिरको दृश्यले फेरि मेरो ध्यान तान्यो। मधेशको समथर धरती बिहानको कोमल घाममा स्नान गरिरहेकी थिइन्। टाढासम्म फैलिएका हरिया धानका खेतहरू हावाको हल्का स्पर्शसँगै समुद्रका छालझैँ एकै लयमा डुलिरहेका थिए ।

बीच-बीचमा देखिने बाँसका झ्याङ, पीपल र बरका पुराना वृक्षहरू प्रकृतिका मौन प्रहरीझैँ उभिएका थिए । खेतको कान्लामा सेता बकुल्लाहरू निश्चिन्त उभिएका थिए, मानौँ उनीहरूलाई समयको कुनै हतार थिएन । कतै किसानले हलो जोतिरहेका थिए । कतै महिलाहरू गोडमेलमा व्यस्त थिए । कतै बालबालिकाहरू नाङ्गा खुट्टाले खेतको आली हुँदै विद्यालयतिर दौडिरहेका थिए । उनीहरूको हाँसो बिहानको हावामा मिसिँदा लाग्थ्यो, प्रकृतिले आफ्नै संगीत रचेकी छ । कुनै वाद्ययन्त्र थिएन, तर चराको चिरबिराहट, पातहरूको सुस्केरा, टाढाको गोरुको घण्टी र मानिसहरूको श्रमको लय मिलेर एउटा अदृश्य राग बजिरहेको थियो । सडकका दुवैतिर कतारमा उभिएका सिसौ, कदम र गुलमोहरका रुखहरूले यात्रुलाई मौन अभिवादन गरिरहेका थिए । कहिले तिनको घना छहारीले सडकलाई हरियो सुरुङजस्तो बनाइदिन्थ्यो, कहिले हावाले फूलका पातहरू उडाएर बाटोभरि रङ्गीन गलैंचा ओछ्याइदिन्थ्यो । प्रकृतिको यो सजावटमा कुनै कृत्रिमता थिएन । यसलाई सजाउने कुनै वास्तुकार थिएन । यो त ऋतु, समय र पृथ्वीले मिलेर बनाएको अनुपम कलाकृति थियो । मलाई लाग्यो, सुन्दरता केवल हिमालको उचाइमा मात्र बस्दैन। ऊ समथर मैदानको सरलतामा पनि उत्तिकै गहिरो गरी बस्छ । पहाडले विस्मय दिन्छ भने तराईले विस्तार दिन्छ । हिमालले मौनताको उचाइ सिकाउँछ भने मैदानले क्षितिजको धैर्य सिकाउँछ । प्रकृतिको प्रत्येक भूगोलसँग आफ्नै भाषा छ, आफ्नै दर्शन छ ।


त्यस क्षण मैले बुझेँ– यात्रामा देखिने सबैभन्दा सुन्दर दृश्य कुनै झरना, कुनै जंगल वा कुनै नदी मात्र होइन; प्रकृतिसँग सामञ्जस्यमा बाँचिरहेको मानिसको जीवन हो । खेतमा

क्रमशः










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday